annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ६९ पृष्ठ ८ | काठमाडौं, सोमबार २३ असार २०८२ | आषाढ शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४५ | MONDAY, JULY 7, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

# फैसला : रिट खारेज, व्याख्या : अनेक–अनेक

इजलास नं पुर्ण १
स.प्र.न्या. श्री प्रकाशमान सिंह राउत
मा· न्या· श्री सपना प्रधान मल्ल
मा. न्या. डा. श्री मनोजकुमार शर्मा
मा. न्या. डा. श्री कुमार चुडाल
मा. न्या. डा. श्री नहकुल सुवेदी

सर्वोच्च अदालत
मिती २०८२ साल आषाढ १८ गते रोज ४ को
दैनिक पेसी सूची

संवैधानिक इजलास

| क.स | फांट | दर्ता मिती | मुद्दा | मुद्दा नं | पक्ष ‖ विपक्ष | का. व्य. नाम (पक्ष) | का. व्य. नाम (विपक्ष) | कैफियत | मुद्दाको स्थिती | आदेश फैसलाको किसिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क | संवैधानिक फाट | २०७७।०९।०१ | उत्प्रेषण | ०७७-WC-००२६ | अधिवक्ता ओमप्रकाश अर्याल ‖ प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार काठमाण्डौ समेत | | | नि.सु. | फैसला | रिट खारेज |
| | | २०७७।०९।०२ | परमादेश | ०७७-WC-००२७ | वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी ‖ राष्ट्रपतिको कार्यालय शीतल निवास काठमाडौ समेत | | | | फैसला | रिट खारेज |
| | | २०७७।०९।०९ | परमादेश | ०७७-WC-००३० | समृत खरेल समेत ‖ राष्ट्रपतिको कार्यालय शितल निवास काठमाडौ समेत | | | | फैसला | रिट खारेज |
| | | २०७७।१०।०६ | उत्प्रेषण | ०७७-WC-००४६ | कीर्तिनाथ शर्मा पौडेल समेत ‖ प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार काठमाण्डौ समेत | | | | फैसला | रिट खारेज |
| | | २०७७।१०।२१ | उत्प्रेषण | ०७७-WO-०७०४ | वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी ‖ राष्ट्रपतिको कार्यालय शितल निवास काठमाडौ समेत | | | | फैसला | रिट खारेज |

**भुपाल लुइँटेल** | *काठमाडौं*

५२ संवैधानिक नियुक्तिविरुद्ध रिट निवेदन परेको साढे ४ वर्षपछि असार १८ गते सर्वोच्च अदालतको संवैधानिक इजलासले निर्णय सुनाउने मिति तोकिएको थियो। निर्णय सुनाउने (निसु) सर्दै आएकाले त्यस दिन पनि के हुन्छ भन्नेमा अन्योलै थियो। तैपनि सर्वोच्चका प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लसहित पाँच न्यायाधीश मध्यरातिसम्म छलफलमै थिए। सारा नेपाली फैसला कुरेर नसुती बसेका थिए।

रातको १२ बजेर २० मिनेट जाँदा सर्वोच्च अदालतले इजलास नम्बर पूर्ण १ को मुद्दाको स्थिति अपडेट गर्‍यो- 'फैसला।' र, आदेश/फैसलाको किसिममा लेख्यो- 'रिट खारेज।' (हेर्नुहोस्, सर्वोच्चको वेबसाइटबाट निकालिएको आदेशको स्क्रिन सट)।

सँगसँगै अदालतले यसको घोषणा पनि गर्‍यो। प्रधानन्यायाधीश राउत, वरिष्ठतम् न्यायाधीश मल्ल तथा न्यायाधीशहरू डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र डा. कुमार चुडालको संवैधानिक इजलासले यसबारे संक्षिप्त आदेश जारी गर्‍यो। त्यसको अन्तर्वस्तुमा छिर्दा मुख्य दुई विशेषता देखिए-

१. २०७८ वैशाख २६ मा सिफारिस भई असार १० मा नियुक्त २० पदाधिकारीका हकमा नियुक्ति बदर गर्नुपर्ने रिट खारेज गर्न पाँचै न्यायाधीश एकमत।

२. २०७७ मंसिर ३० मा सिफारिस भई माघ २१ मा नियुक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखसहित ३२ पदाधिकारीका हकमा नियुक्ति बदर गर्नुपर्ने रिट खारेज गर्न ३ न्यायाधीश एकमत। प्रधानन्यायाधीश र न्यायाधीश सुवेदी भने नियुक्ति बदरका पक्षमा।

नेताको कुनै विरोध उजूर वाजूर नभएको, सवैधानिक परिषद्का सदस्य प्रतिनिधि सभाका तत्कालिन सभामुखलाई मिति २०७८।०८।३० गते विहान ०९:०० वजे वैठकको

अधिवक्ता ओमप्रकाश अर्याल वि. प्र.म.म.प.का.समेत, ०७७-WC-००२६ समेत मुद्दा- उत्प्रेषणसमेत पृष्ठ १०

जानकारी भएको निजकै रिट निबेदनबाट देखिएको, मिति २०७७।०८।३० गते बेलुका ५:०० बजे भएको वैठक सोही बिहानको बैठकको निरन्तरता भएको देखिएको र यस्तो अभ्यास पनि रहे भएको अबस्थामा सवैधानिक परिषद्का सदस्य प्रतिनिधि सभाका तत्कालिन सभामुख रिट निबेदक भएता पनि सवैधानिक परिषद्को वैठकमा सहभागी गरि पाँऊ निबेदन माग दावी नभई "अब आईन्दा त्यस्तो नगर्नु" भन्ने सम्मको परमादेशको आदेश माग गरेको, निज हाल संवैधानिक परिषद्को सदस्य रहेको नभई परिस्थितिमा परिवर्तन (Circumstantial Change) भएको समेतका आधार कारणवाट प्रस्तुत रिट निबेदनमा निवेदकको माग बमोजिम रिट जारी गर्नु पर्ने अबस्था नदेखिएकोले रिट निबेदन खारेज हुने ठहर्छ ।

कुमार चुडाल
न्यायाधीश

मनोजकुमार शर्मा
न्यायाधीश

परिषदको बैठकबाट भएको नियुक्तिको सिफारिस तथा नियुक्ति निर्णयसमेत बदर गरिपाऊँ भन्ने हदसम्म अन्य रिट निवेदनहरू खारेज हुने ठहर्छ।

(१४)रिट निवेदन खारेज हुने ठहऱ्याएको माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा र डा. श्री कुमार चुडालको राय तथा उक्त रायमा सहमत भई परमादेश जारी हुने ठहऱ्याएको माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको रायसँग सहमत हुन नसकेकाले छुट्टै राय व्यक्त गरिएको छ।

(१५)आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने भएकाले यो संक्षिप्त आदेश जारी गरिएको छ।

नहकुल सुवेदी
न्यायाधीश

प्रकाशमान सिंह राउत
प्रधान न्यायाधीश

**(माथि) प्रधानन्यायाधीशसहितको संवैधानिक इजलासले असार १८ गते सर्वोच्च अदालतको वेबसाइटमा अपडेट गरेको इजलास नम्बर पूर्ण १ को मुद्दाको स्थिति। जसमा प्रस्टै लेखिएको छ, 'रिट खारेज।'**

**(बीचमा) न्यायाधीशद्वय शर्मा र चुडालको छुट्टै रायका हरेक पानाका शिर र पुछारमा न्यायाधीश मल्लको समेत हस्ताक्षर। यसले दर्शाउँछ– रिट खारेजीमा ३ न्यायाधीशकै एउटै मत थियो।**

**(तल) प्रधानन्यायाधीश राउत र न्यायाधीश सुवेदीको रायको १४ नम्बर बुँदा, जसमा बाँकी ३ न्यायाधीशबीच रिट खारेजीमा समान मत रहेको, मल्लको हकमा परमादेशको राय मात्र फरक रहेको प्रस्टै लेखिएको छ।**

२०७८ को नियुक्तिमा एकमत भयो। २०७७ का हकमा भने ५ मा ३ न्यायाधीश रिट खारेजका पक्षमा उभिए। र, प्रधानन्यायाधीश सहितको इजलासले बहुमतको अवधारणालाई मान्यता दिँदै फैसला गर्‍यो- 'रिट खारेज।'

### बहुमत नपुगेको आधारहिन तर्क

पछिल्लो समय केही कानुन व्यवसायी र अन्यले एउटा तर्क गरिरहेका छन्- न्यायाधीश मल्लले छुट्टै परमादेश जारी गरेकाले रिट खारेजका पक्षमा ३ पुग्दैन।

» बाँकी पृष्ठ ६

कभर स्टोरी

## शिक्षाको स्थिति जति उच्च, बेरोजगारीदर उत्ति बढी

धेरै पढेँ, राम्रो रोजगारी पाइन्छ, आम अभिभावकले बालबालिकालाई यही प्रेरणा दिन्छन्। तर, राष्ट्रिय तथ्यांक कार्यालयको प्रतिवेदनले भन्छ- 'जति धेरै पढ्यो, बेरोजगार हुने सम्भावना उत्तिकै छ।'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २




